(आ.व. २०८२/०८३) बैठक नं.

आज मिति २०८२ साल कार्तिक १७ गते सोमवारका दिन हरिपुर नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क्र स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमित्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | विनय पौडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

मिति २०८२।०७।१७

**मिति २०८२/०७/१७ गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु**

प्रस्तावहरु :

१. पूर्व निर्णयको समीक्षा सम्बन्धमा ।
२. सेवा निवृत्त सुविधा भुक्तानी सम्बन्धमा।
३. झोलुंगे पूल माग सम्वन्धमा ।
४. बाढीपिडीतलाई विपदको समयमा राहत वितरण सम्वन्धमा ।
५. हरिपुरको बाटो मर्मत र सफाईको इन्धनको रकम भुक्तानी सम्वन्धमा ।
६. छठघाट निर्माण सम्वन्धमा ।
७. हरिपुर नगरपालिकाको आय ठेक्का पुनः सूचना प्रकाशन सम्वन्धमा ।
८. झिमखोलाको नदीजन्य पदार्थको बिक्रि वितरणको ठेक्का सम्वन्धमा ।
९. आर्थिक सहायता सम्वन्धमा ।
१०. ऐलानी प्रति जग्गामा सामुदायिक भवन निर्माण गर्ने सम्वन्धमा ।
११. वडा नं. ८ को इन्द्रपुर विद्यालयको मर्मत सम्भारको रकम भुक्तानी सम्वन्धमा ।
१२. वडा नं. ८ को कार्यक्रमको रकम भुक्तानी सम्वन्धमा ।
१३. ७ नं. वडा कार्यालयको भवन मर्मत सम्वन्धमा ।
१४. तिज विशेष कार्यक्रमको भुक्तानी सम्वन्धमा ।
१५. स्वच्छ चुलो कार्यक्रमको माग संकलन फारम सम्वन्धमा ।
१६. सशस्त्र प्रहरी बल, नेपाल, सुरक्षा बेश फरहदवा, सर्लाहीको डिउटी पोष्ट सम्वन्धमा ।
१७. नवसंघर्षशिल यूवा क्लबको रकम विनियोजन सम्वन्धमा ।
१८. रज्वा मन्दिर जाने अधुरो सडक सम्वन्धमा ।
१९. क्रिकेट सामग्री खरिद सम्वन्धमा ।
२०. विविध सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्वन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा साविक गाँउ विकास समिति लक्ष्मीपुर कोद्राहाको मिति २०६६।६।७ गतेको निर्णयानुसार कार्यालय सहयोगी (पिअन सहायक प्रथम) पदमा स्थानीय स्वायत्त शासन नियमावली (तेस्रो संशोधन) २०५६ को नियम २१३ पदपुर्ति सम्वन्धी विशेष व्यवस्थाको उपनियम ३ बमोजिम मिति २०६६।६।८ गते देखि लागु हुने गरी नेपाल सरकारको प्रचलित ऐन बमोजिम तलब, भत्ता तथा अन्य सुविधा पाउने गरी एवम् अस्थायी नियुक्ति भएको मिति २०५४।५।२० देखिको अविछिन्न सेवा अवधिको पदावधि समेत कायम हुने गरी स्थायी नियुक्ति प्राप्त गरि यस नगरपालिकाको मिति २०७५।०९।०२ गतेको निर्णयको आधारमा च नं ४३७ मिति २०७५।०९।०३ गतेको पत्रबाट समायोजन तथा पदस्थापन भइ यस नगरपालिकाको वडा ६

मिति २०८२।०७।१७

मा कार्यालय सहयोगी पदमा निरन्तर रुपमा कार्यरत श्री कृष्णदेव लाल कर्णको उमेर हदका कारण मिति २०८२।०६।०९ गतदेखि अनिवार्य अवकाश भएकोले निजलाई स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २६८ मा भएको व्यवस्था बमोजिमको उपदान, नियमानुसारको बिरामी बिदा र सञ्चित घर बिदा बापतको हुन आउने रकम रु १०,१८,९३२।०० (दश लाख अठार हजार नौ सय बतिस मात्र।) निज कर्मचारीलाई उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय पूर्वाधार विकास विभाग (झोलुंगे पुल शाखा) श्रीमहल, पुल्चोक, ललितपुरको प.सं. २०८२।०८३, च.नं. झो.पु./१५२, मिति २०८२।०६।२७ गतेको झोलुंगेपुल माग सम्बन्धको प्रासपत्रानुसार यस नगरपालिकाको देहायको स्थानहरुमा देहायको प्राथमिकता अनुसार झोलुंगेपुल माग गर्ने निर्णय गरियो ।

| क्र.सं. | विवरण | वडा नं. | स्थान | प्राथमिकता |
|---|---|---|---|---|
| १ | झोलुंगेपुल | १ | जानकीनगर नख्खाटोल देखि हरिपुर वडा नं. २ प्रमोद दासको घर जाने बाटोको लखनदेही खोला | प्रथम |
| २ | झोलुंगेपुल | ५ | लक्ष्मीपुर रैन देखि झिम खोला जोडने वडा नं. ५ असन्वा | द्धितिय |
| ३ | झोलुंगेपुल | २ | पुलचोक देखि कछडिया टोल हुंदै सखुवा टोल जगतपुर सम्म जाने बाटोको लखनदेही खोला | तृतिय |
| ४ | झोलुंगेपुल | ९ | पिडारीको ढावटोल देखि जानकीनगर सम्म जाने बाटोको लखनदेही खोला | चौथो |

प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिति २०८२।०६।१६, १७ र १८ गते यस क्षेत्रमा आएको अविरल वर्षाको कारण यस हरिपुर नगरपालिका अन्तर्गत वडा नं. १, ५, ६ र ९ का वडाहरुका नागरिकहरुको घरवारी डुवान भएको हुँदा मिति २०८२ असोज २० गतेको बन वातावरण तथा विपद बय्यवस्थापन समितिको निर्णयानुसार बाढीपिडित २० घर परिवारलाई प्रति घर २ बोरा चामल (२५ के.जी. प्रति के.जी.६४), ५ के.जी. दाल (प्रति के.जी.७००), सनफ्लावर ३ लि. (प्रति ली. २८०) र आयोडिन २ के.जी. (प्रति के.जी २५) को दरले जम्मा रकम भ्याट सहित रु.९३४००।०० वि.एस. ट्रेडर्स हरिपुर, सर्लाही र दाई भाई जेनरल स्टोर हरिपुर न.पा.-२ सर्लाहीलाई भुक्तानी दिने तथा ४ वटा घरपरिवारलाई पुर्ण रुपमा क्षति भएकाले बासको लागि ४ थान त्रिपाल (प्रति त्रिपाल रु.२५००) जम्मा ४ थानको (भ्याट बाहेक) रु. १००००।०० विल अनुसारको रकम सम्वन्धीत पसललाई भुक्तानी दिने, र वडा नं. ६ तत्मा टोल डवरीमा पानी निकासका लागि मोटर, मिस्त्री र श्रमीक खटाई पानी निकास गर्ने वडा नं. ५ को १ जनाको घरमा डुवान भई वडाध्यक्ष मार्फत दमकल प्रयोग गरी पानी निकास गर्ने, वडा नं. १ को १ जनाको घरमा डुवान भई वडाध्यक्ष मार्फत दमकल प्रयोग गरी पानी निकास गरेको र पानी निकासको खर्च सम्वन्धी विल अनुसार वडासचिव मार्फत विपद व्यवस्थापन शिर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो ।

मिति २०८२।०७।१७

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको बाटो मर्मत तथा बाटो सरसफाई कार्यको आ.व. २०८२।०८३ को मिति २०८२ असार २४ गते देखि २०८२ भाद्र महिना भरी अविरल वर्षाको कारण बाढी पहिरो आई सार्वजनिक सडकहरु बिग्री भत्की सर्वसाधारण जनताहरुले आवत जावत गर्न दैनिकी किनमेल गर्न तथा कृषि उपजहरु निकासी पैठारी गर्न कठिन भई तथा हिन्दुहरुको महान चाड दंशै तिहार र छठ पर्वको अवसरमा बाटोघाटो फोहोर मैला भई छारपात समेत सडकमा फोहोर देखिएकोले वडा नं. १ को हरिहरी माई थानको सडक ग्रावेल, हजारविघा देखि लिएर हनुमान चौक सम्म, हरिपुरको सिमान सडक सम्म, वडा नं. २ को कछडिया टोल हुँदै लखनदेही देखि सखुवा जाने सडक, हातिसार हुँदै लखनदेही जाने सडक र जगदिश रायको घर देखि लखनदेही हुँदै जानकीनगर सम्म सडक मर्मत तथा सरसफाई र वडा नं. ४ का वडाभरीका सडक सरसफाई तथा ग्रावेल कार्यको ईन्धन ५३२ लिं. कुपन लगवुक र ईन्धनको लगत अनुमान र फोटोको अधारमा सम्वन्धीत आयल निगमलाई भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाको नगरभरि हिन्दुहरुको महान चाड छठ पर्वको अवसरमा मिति २०८२।०७।१० गतेको छठ पर्वको लागि खोला नाला नदीहरुमा छठघाट निर्माणका लागि वडा नं. १ को साविक वडा नं. ५ को लखनदेही नदी, खैरा टोलको नदीघाट, जानकी टोलको नदीघाट, वडा नं. २ को नहर छेउको प्रेमलता होटेलको नहरमा, बलरामपुरको नहरमा, पुलचौकको लखनदेही खोला, पच्गछिया जाने नहरको छेउमा तथा सरसफाई, वडा नं. ३ लघुवा घाट झिम खोला, पुर्वारी टोलको झिम खोला, वडा नं. ४ फरहदवा चिताइन खोला फिल्ड निर, वडा नं. ५ चिताईन खोला, झिम खोला असन्वा, वडा नं. ६ चिताइन खोला घाट, वडा नं. ७ कछडिया टोल शाखा नहर, चिताइन खोलाको पुल वारी पारी, ढोंग टोल चिताइन खोला, पच्छगछिया चिताइन खोला, वडा नं. ८ जगतपुर लखनदेही खोला, जुटपानी लखनदेही खोला, हात्तिसार लखनदेही खोला, इन्द्रपुर चिताइन खोला, वडा नं. ९ पिडारी चौधरी टोल, कलवार, यादव, अन्य जात घट निर्माण लखनदेही खोलामा घाट निर्माणको लागि जे.सि.वी. ६० घण्टा जे.सि.वी. ईन्धन ४६७ लि., एक्साभेटर १० घण्टा डिजेल ईन्धन ११० लि. जम्मा डिजेल ईन्धन ५७७ लि. कुपन लगवुक र ईन्धनको लगत अनुमान र फोटोको अधारमा सम्वन्धीत आयल निगमलाई भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस हरिपुर नगरपालिकाको आ.व. २०८२।०८३ को लागी ठेक्का बन्दोवस्ती गर्न प्रथम पटक मिति २०८२।०३।०१ गते सुचना प्रकाशन गर्दा पिडारी बजार, चिताइन बजार र जडिबुटी, जिवजन्तु र कवाडी संकलन तथा निकासी करको मात्र ठेक्का प्रकृयामा भएको र दोस्रो पटक मिति २०८२/०३/१९ गते सूचना प्रकाशन गर्दा मजुर्वा र लक्ष्मीपुर बजारको ठेक्का प्रक्रियामा गएको र तेस्रो पटक मिति २०८२।०३।३० गतेको सूचना प्रकाशन गदां समेत हरिपुर बजार र चमेना गृहको दरभाउपत्र फाराम दर्ता नभए पछि पुनःमुल्याङ्कन गरी मिति २०८२।०५।१८ गते सुचना प्रकाशन गर्दा फाराम खरिद समेत नभएकोले तपशिलमा उल्लेखित बमोजिम पुनः सूचनाको लागी मिति २०८२।०७।१२ गतेको राजश्व समितिको सिफारिसलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| सि.नं. | ठेक्काको किसिम | न्युनतम अंक<br>मु.अ कर सहित | कैफियत |
|---|---|---|---|
| १. | हरिपुर बजार | ४३०१६५।०० | |
| २. | चमेना गृह | ५४०००।०० | |

बहुतले व्यवसायिक भवन

मिति २०८२/०७/१७

| सि.नं. | दिशा | कोठा संख्या | न्यूनतम दररेट प्रति कोठा |
|---|---|---|---|
| १. | उत्तर | ७ | ४०००।०० |
| २. | दक्षिण | ७ | ३०००।०० |

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाको मूल्यांकन समितिको मिति २०८२।०७।१३ गतेको निर्णयानुसार यस नगरपालिका क्षेत्रभित्र रहेको झिमखोलाको नदीजन्य पदार्थको बिक्रि वितरणको ठेक्कामा दर्ता भएका वोलपत्र फारामहरुको मूल्यांकन गर्दा श्री ॐ निर्माण सेवा, चन्द्रनगर-२, सर्लाही र श्री लक्ष्मी नारायण महादेव निर्माण सेवा, हरिपुर-७, सर्लाहीले कवोल गरेको अंक रु. ५,६१,८९२।०५ अंक बराबर हुन आएकोले दुवै फर्मलाई छलफल बोलाई गोप्य शिलवन्दी फाराम मार्फत पनः प्रतिस्पर्धा गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ९ मा छलफल गर्दा यस नगरपालिका कार्यालयमा विभिन्न मितिमा आर्थिक सहायताको लागि पेश भएको देहायका निवेदनहरुलाई श्रीमान् नगर प्रमुख ज्यूको तोक आदेश अनुसार आर्थिक सहायताको हरिपुर नगरपलिकाको आर्थिक सहायता वितरण कार्यविधि २०७९ मा परिच्छेद ३ मा ७ र ८ मा उल्लेख भए अनुसारको रकम आ.व. २०८२।०८३ को पन्ध्रौं नगरसभाको नगर विकास योजनाको हरिपुर नगरपालिकाको चालुगत खर्च शिर्षकमा विपन्न परिवारलाई आर्थिक सहयोग खर्च शिर्षकमा विनियोजन भएको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | आर्थिक सहायताको लागि पेश भएको निवेदनको नाम | वार्ड नं. | ठेगाना | के कारण आर्थिक सहायता माग गरेको | वडा समितिको निर्णय मिति र पाना नं. | वडा कार्यालयको मिति, च.नं. | आर्थिक सहायता रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | सजरुल खातुन | ५ | हरिपुर | स्वास्थ्य उपचार | २०८२।६।२२ | २०८२।६।२२ च.नं. २५८ | ६०००।०० |
| २ | लक्ष्मी अंसारी | ५ | हरिपुर | स्वास्थ्य उपचार | २०८२।४।१४ | २०८२।०४।१४ च.नं. ७९ | ६०००।०० |
| ३ | समा चकेबा | ७ | हरिपुर | धार्मिक महोत्सव | | २०८२।०७।१२ च.नं. २३९ | २५०००।०० |
| ४ | जितिया पर्व | १ | हरिपुर | धार्मिक महोत्सव | २०८२।५।१५ | २०८२।०५।१५ च.नं. १५० | ६०००।०० |
| ५ | आशिका माझी (शुशिला माझी) | ६ | हरिपुर | किड्नी स्वास्थ्य उपचार | | २०८२।०६।२ च.नं. २२५ | ६०००।०० |
| ६ | रामबाबु साह रौनियार | ६ | हरिपुर | घरको छानो क्षतिग्रस्त वर्षाको कारण | ईप्रका हरिपुरको मिति २०८२।६।२४ च.नं. ९२७ | २०८२।०६।२२ च.नं. २६७ | ६०००।०० |

मिति २०८२।०७।१७

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | अमिन अंसारी | ५ | हरिपुर | वर्षाको कारण घर डुवान | ईप्रका हरिपुरको मिति २०८२।६।२८ च.नं. ९६० | २०८२।०६।२६ च.नं. ३०५ | ६०००।०० |
| ८ | खैतुन खातुन | ५ | हरिपुर | वर्षाको कारण घर डुवान | | २०८२।०६।२१ च.नं. २७२ | ६०००।०० |
| ९ | समिना खातुन | ५ | हरिपुर | वर्षाको कारण घर डुवान | | २०८२।०६।२१ च.नं. २६९ | ६०००।०० |
| १० | अफताव अंसारी | ५ | हरिपुर | वर्षाको कारण घर डुवान | | २०८२।०६।२१ च.नं. २७३ | ६०००।०० |
| ११ | रामजानकी मठमा झुलन कार्यक्रम (राश नारायण राय) | ९ | हरिपुर | झुलन कार्यक्रम | २०८२।४।२२ | २०८२।४।२२ च.नं. ८६ | ६०००।०० |
| १२ | विष्णु माया योन्जन तमांग | २ | हरिपुर | स्वास्थ्य उपचार | २०८२।७।२ | २०८२।७।२ च नं ५५१ | १००००।०० |
| १३ | अच्युतम चौधरी (आरती कुमारी) | ७ | हरिपुर | स्वास्थ्य उपचार | २०८२।७।१४ | २०८२।७।१७ च.नं. २५० | ६०००।०० |

प्रस्ताव नं. १० मा छलफल गर्दा आ.व. २०८२।०८३ मा हरिपुर नगरपालिकाको वडा नं. ५ का लागि स्वीकृत योजना सि.नं. २८ खर्च शिर्षक नं. १३१५९ अनुसार सामुदायिक भवन निर्माणको रु. ९०००००।०० विनियोजन भएकोले उक्त योजनाको रकमबाट साविक गाविस लक्ष्मीपुर को. वडा नं. २ ख किता नं. १०० को क्षेत्रफल ०-६-१० जग्गाको पुर्वमा कुलो पश्चिम मजुर्वा जाने सडक उत्तरमा कुलो दक्षिणमा फरहदवा जाने कुलो यति चार किल्ला भित्रको जग्गा ऐलानी कसैको नाममा दर्ता नरहेको खाली प्रति रहेकोमा वडा कार्यालयको सिफारिस सरजमिन मुचुल्का लगायतको अधारमा वासिन्दाहरुको सबैको हकहित हुने कार्य भएकोले सामुदायिक भवन निर्माण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११ मा छलफल गर्दा यस नगरपालिका वडा नं. ८ को कार्यालयको प.सं. २०८१।०८२, च.नं. ९९३, मिति २०८२।०३।२३ गतेको रकम भुक्तानी सिफारिस सम्वन्धको प्राप्त पत्रानुसार जनता प्रावि इन्द्रपुरको लागि वाइरिंग कार्य इन्द्रपुर जनता प्रा.वि. को व्यवस्थापन समिति मार्फत वाइरिंग तथा खानेपानीको अधुरो कार्य सम्पन्न भएकोले प्राविधिकको मूल्यॉंन अनुसार रकम रु. १२,९८०।०० प्रस्ताव नं. ११ मा छलफल गर्दा यस नगरपालिका वडा नं. ८ को कार्यालयको प.सं. २०८१।०८२, च.नं. ९९३, मिति २०८२।०३।२३ गतेको रकम भुक्तानी सिफारिस सम्वन्धको प्राप्त पत्रानुसार पन्ध्रौ नगरसभाको मर्मत सम्भार खर्च शिर्षकवाट इन्द्रपुर जनता प्रा.वि. व्यवस्थापन समितिलाई भुक्तानी गर्ने निर्णय गरियो ।

मिति २०८२/०७/१७

प्रस्ताव नं. १२ मा छलफल गर्दा यस नगरपालिका वडा नं. ८ को कार्यालयको प.सं. २०८२।०८३, च.नं. २९४, २९५, २९६ र २९७, मिति २०८२।०७।१६ गतेको रकम भुक्तानी सिफारिस सम्बन्धको प्राप्त पत्रानुसार वडास्तरीय योजना सुरेस श्रेष्ठको खेत निर कुलो निर्माण कार्य, बह्मस्थान इन्द्रपुरमा माटो हुर्ने कार्य, वडा नं. ८ को कार्यालय भाडामा संचालनमा रहेको घर मिति २०८२।०५।२४ गते जेनजी आन्दोलनमा क्षति भएको र उक्त भवन मर्मत सम्भार भइसकेको र जुटपानी टोलमा रहेको सार्वजनिक शौचालयको शेफ्टी टंयाकी सरसफाई समेत गरेको हुँदा प्राविधिकको लागत अनुमान र मूल्यांकन अनुसारको रकम पन्ध्रौं नगरसभाको सार्वजनिक सम्पत्ती खर्च शिर्षकबाट खर्च हुने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १३ मा छलफल गर्दा यस हरिपुर नगरपालिका अन्तर्गत वडा नं. ७ को कार्यालयको प.सं. २०८२।०८३, च.नं. २४६, मिति २०८२।०७।१७ गतेको प्राप्त पत्रानुसार मिति २०८२।०५।२४ गते जेनजी आन्दोलनको क्रममा वडा कार्यालयमा हुन गएको आगजनीको कारण वडा कार्यालय आंशिक रुपमा क्षति भएको र जिन्सी सामाग्री जलेर नष्ट भएकोले वडा कार्यालयले सेवाग्राहीहरुलाई सेवा संचारु गर्न अतिआवश्यक देखिएकोले वडा कार्यालयको भवनलाई प्राविधिक लागत अनुमान बमोजिम रकम रु. २९५०००।०० नगरस्तरीय १५ औ नगरसभाको खर्च शिर्षक नं. ३१४.२२.१.२२६ मा वडा कार्यालयको पुर्णता तथा व्यवस्थापन कार्य हरिपुर-७ शिर्षकमा रु. ५०००००।०० विनियोजन भएको रकमबाट खर्च गर्ने र बाँकी रकमबाट वडाको संचालन सामाग्री प्राविधिक लागत अनुमान बमोजिम खरिद गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १४ मा छलफल गर्दा यस हरिपुर नगरपालिका कार्यालयमा आ.व. २०८२।०८३ मा हिन्दुहरुको महान चाड तिज पर्वको अवसरमा नगरपालिका कार्यालयले कार्यपालिका सदस्य र नगरपालिकाका महिला कर्मचारी तथा कर्मचारीहलाई तिज विशेष कार्यक्रम संचालन गरेको हुनाले उक्त तिज विशेष कार्यक्रममा रु. ८१७५०।०० खर्च भएकोले यस नगरपालिकाको १५ औ नगरसभाको विविध खर्चबाट रकम रु. ८१७५०।०० भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १५ मा छलफल गर्दा तराईमा खाना पकाउन प्रयोग भईरहको परम्परागत ऊर्जा (गुईठा, दाउरा, कृषिजन्य अवशेष) तथा आयातित इन्धनहरु (एल.पि.जि., मट्टीतेल) को खपतलाई न्यूनिकरण गर्न आधुनिक तथा स्वच्छ चुलो (विद्युतीय चुलो, तह ३ को सुधारिएको चुलो र घरायसी बायोग्याँस) को प्रवर्द्धन गर्ने लक्ष्य अनुरुप हरिपुर नगरपालिका र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र बीच हरित जलवायु कोषको सहयोगमा सञ्चालित स्वच्छ चुलो कार्यक्रम (CCS) सम्बन्धी भएको सम्झौता अनुसार चालु आ.व. २०८२/०८३ मा यस नगरपालिकाको माग अनुसार स्वच्छ खाना पकाउने प्रविधिहरु १.४ घ.मी. को घरायसी बायोग्याँस (GGC), २. विद्युतीय चुलो (ECS), र ३. तह ३ को सुधारिएको चुलो (ICS Tier 3+), जडान गर्न इच्छुक यस नगरपालिका अन्तर्गत सबै वडाका लाभग्राहीहरुबाट लागत साझेदारी प्रतिबद्धता सहितको लाभग्राहीको माग सङ्कलन फारम भरी लाभग्राहीहरु छनौट गर्नु पर्ने भएको हुँदा उल्लखित प्रविधि मध्ये कुनै एक प्रविधि जडान गर्न इच्छुकबाट माग संकलन गर्नपर्ने भएकोले नगरपालिका अन्तर्गत सबै वडाका स्थानीय बासीहरुले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र आ-आफ्नो वडा कार्यालयमा गई घरमुलीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी माग संकलन फारम गर्ने निर्णय गरियो ।

मिति २०८२।०७।१७

प्रस्ताव नं. १६ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत सशस्त्र प्रहरी बल, नेपाल, सुरक्षा बेश फरहदवा, सर्लाहीको प.सं. २०८२।०८३, च.नं. २२, मिति २०८२।०७।१६ गतेको आवश्यक सहयोग गरिदिने सम्बन्धको प्राप्त पत्रानुसार बेशको पेरिमिटर ईलाकाम रहेको डिउटी खटिने डिउटी पोष्टहरु कच्ची (कच्ची माटोको) रहेकोले सुरक्षा संवेदनशिल भएको हुँदा उक्त डउटी पोष्टहरु पक्की (सिमेन्ट) बनाउन पर्ने भएकोले पोष्ट निर्माणको लागि प्राविधिक लागत अनुमान बमोजिमको रकम यस नगरपालिकाको १५ औं नगरसभाको अन्य संघ संस्था सहयोग शिर्षकबाट खर्च हुने गरी डिउटी पोष्ट निर्माण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १७ मा छलफल गर्दा यस नगरपालिका वडा नं. २ मा रहेको नव संघर्षशिल यूवा क्लवको आ.व. २०८२।०८३ मा प्रथम हरिपुर गोल्डकप प्रतियोगिता २०८२ हुन गइरहेको फुटवल प्रतियोगितामा खेलकुद सामाग्री वितरणका लागि वडा कार्यालयको सिफारिस सो क्लवको निवेदन र नगरप्रमुख आदेश बमोजिम यस नगरपालिकाको १५ औं नगरसभाको सि.नं. १४५ मा रु. ५०००००।०० मध्ये रु. ४०००००।०० खेलकुद सामग्री खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १८ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत रज्वा मन्दिर जाने अधुरो सडकमा नाला तथा सडक ढलान कार्यको रकम जिम्मेवारी सार्दा छुट हुन गएकोले मिति २०८१।१२।२० गते सन्ध्या निर्माण सेवा लालबन्दी-४, सर्लाहीसँग लागत अनुमान रकम रु. ७९९५८१।६५ मा सम्झौता भई कार्य सम्पन्न, मूल्यांकन ७७४०४२।८५ भ्याट सहित आउने रकम भुक्तानी गर्न नसकेकोले आउने नगरसभामा उक्त रकम विनियोजित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १९ मा छलफल गर्दा यस नगरपालिका वडा नं. ८ मा रहेको श्री पिण्डेश्वर नाथ यूवा क्लव हरिपुर-८,२ को आ.व. २०८२।०८३ मा क्रिकेट खेलकुद प्रतियोगिताको लागि खेलकुद सामाग्री र खेलकुद सामग्री खरिद गर्न क्लवको निवेदन र नगरप्रमुख आदेश बमोजिम यस नगरपालिकाको १५ औं नगरसभाको सि.नं. १४५ मा रु. ५०००००।०० मध्ये रु. १५०००।०० खेलकुद सामग्री खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।